


# कृपा

KREEPA DAILY राष्ट्रिय दैनिक

बर्ष १६, अंक-२२४, २०७६ असोज १९ गते आईतबार, Sunday, Oct. -06 पृष्ठ संख्या ४ ५ रूपैंया

Shrishthi Electronics
Infront of Kalaiya Ghanta Ghar, Singh Complex
053-551625, +977-9802949843



हामी कहाँ ल्याप्टप, कम्प्युटर, सिसिटिभि क्यामेरा, मनिटर थोक तथा खुद्रा बिक्री गर्नुका साथै मर्मत पनि गरिन्छ ।

## फौजी किराले बाली नष्ट गरेपछि किसानव्दारा निजगढ नगरपालिकासंग राहत माग



कृपा संवाददाता

निजगढ, १७ असोज । निजगढ नगरपालिका १०, ११, १२ र १३ नम्बरको रतनपुरमा फौजी किराले मकै तथा धानबाली खाएर नष्ट पारेपछि पिडित किसानहरुले संयुक्त निवेदनमार्फत नगरपालिकासंग राहतको माग गरेका छन । किराले खाएको मकैको बोट समेत बोकेर नगरपालिका कार्यलयमा शुकबार आएका पिडित किसानहरुले उपप्रमुख लिलादेवी लामिछानेलाई ज्ञापन बुझाउदै क्षेतिपुर्तिको माग गरेका हुन । फोनमार्फत पटकपटक खबर गर्दा पनि नगरप्रमुख सुरेश खनाल अनुपस्थित भएपछि किसानहरुले उपप्रमुख लामिछानेलाई ज्ञापन पत्र बुझाएका हुन । निजगढ नगरपालिका ११ का सागर दहालले पढेर सुनाएपछि उपप्रमुख लामिछानेलाई ज्ञापन पत्र बुझाइएको थियो ।

ज्ञापन पत्रमा स्थानीय अगुवा विष्णु ढुडाना, सागर दाहल, रमण घिमिरे, धनबहादुर खुलाल, चनक भट्टराई, युवक मोक्तान, विरसिंह थिड, सिताराम खतिवडाले हस्ताक्षर गर्नुभएको छ। खडेरीका कारण वर्षे बाली सखाप भएको र हाल हिउंदे बाली पनि फौजी किराले खाएर नष्ट पारेपछि वस्तिमा अनिकाल पर्नसक्ने त्रासमा किसानलाई चिन्तित बनेको तर राहत उपलब्ध गराउने बारेमा नगरपालिकाले हालसम्म कुनै पहल नगरको ज्ञापन पत्रमार्फत किसानहरुले गुनासो गरेका छन ।

ज्ञापनपत्र बुझ्दै उप्रमुख लामिछानेले फौजी किराले रतनपुरी लगायत नगरका अन्य भेगमा पनि बाली नष्ट पारेपछि किसानहरु मार्कामा परेको बताउदै कार्यपालिका बैठकमा छलफल गरेर पिडित किसनलाई राहत उपलब्ध गराउने बताउनुभयो ।

रतनपुरमा फौजी किराका कारण १२ सय हेक्टर क्षेत्रफलमा लगाएको करिव पैतिस करोड मुल्य बराबरको अन्नबाली नोक्सानी भएको बताइएको छ । फौजि किराको प्रकोपले ठुलो परिमाणमा बाली सखाप हुदा पनि स्थानिय सरकारको रुपमा रहेको निजगढ नगरपालिका मौन बसेको भन्दै क्षेतिको विवरण सार्वजनिक गर्न किसानहरुले बिहिबार रतनपुरको रामथलिमो पत्रकार सम्मेलन समेत आयोजना गरेका थिए ।

## १२ लाख बराबरको पटाकासहित ३ जना पक्राउ



बारा, १७ असोज । बारा प्रहरीले अवैध रुपमा पिकअप भ्यानमा नेपाल भित्र्याइएको पटाकासहित तीन जनालाई नियन्त्रणमा लिएको छ । शुक्रबार पत्रकार सम्मेलनमार्फत ठूलो परिमाणमा पटाकासहित पक्राउ परेकालाई प्रहरीले सार्वजनिक गरेको हो ।

८ वटा ठूलो बोरामा राखी ना ४ च ६९५९ नम्बरको बोलेरो जिपमा लोड गरी लुकाईछिपाई नेपाल भित्र्याउँदै गरेको अवस्थामा छोटकी फुलवरियास्थित सडकबाट उनीहरुलाई गाडीसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयमा आयोजना गरिएको पत्रकार सम्मेलनमा बाराका प्रहरी उपरीक्षक विकासराज खनालले अवैध रुपमा भारतबाट नेपाल भित्र्याउँदै गरेको अवस्थामा प्रहरीले चेकजांचको क्रममा कलैया उपमहानगरपालिका १३ छोटकी फुलवरियाबाट बिहीबार राती ठूलो परिमाणमा पटाकासहित ३ जनालाई पक्राउ गरिएको बताए ।

पक्राउ पर्नेमा जितपुर सिमरा उपमहानगरपालिका १८ बडहर्वाका सुकमान लामा, कलैया उपमहानगरपालिका १ बिरेन्द्र यादव र १८ वर्षिय रुपेश दास छन्। बरामद गरिएको पटाकाको बजार मूल्य १२ लाख रुपैयां रहेको छ ।

पटाकासहित पक्राउ परेकाहरु उपर मुलुकी अपराधसंहिता २०७४ को विस्फोटक पदार्थ सम्बन्धी कसुरमा जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ । साभार

## टाईमकार्ड लागुभएपछि दुर्घटनामा कमी

पुष्पराज खतिवडा

बारा १७ असोज । चाडवाडका समयमा हुने यात्रु वाहक सवारी दुर्घनामा कमी आएको प्रदेश २ ट्राफिक प्रहरीले जनाएको छ । प्रहरी संविधान दिवस अवसर गत ३ गतेबाट प्रदेश भरीका मुख्य राजमार्गमा टाईमकाई लागु गरेसंगै यात्रु वाहक सवारी दुर्घटनामा कमी आएको हो । टाईमकार्ड लागु भएपछी यात्रुले यात्रामा सहजता अनुभुती गरेका प्रदेश २ ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रमुख प्रहरी उपरिक्षक योग बहादुर पाल जानकारी दिए । चाडबाडका समयमा हरेक बर्ष दर्जनौं सवारी दुर्घटना हुंने गरेका थिए । भगवानको कानमा नपरोस् । टाईमकार्ड लागु भएयता यात्रु वाहक बस, मिनीबस लगायतका साना तथा ठुला सवारी दुर्घटना भएको छैन । सुन्नपनी नपरोस् ,पालले भने ।

प्रहरी उपरिक्षक पालले ग्रामिण तथा भित्री सडकहरुमा समेत बढ्दो सवारी दुर्घटनालाई मध्यनजगर गर्दै अस्थाई चेकपोष्टहरु बढाएको जानकारी गराए । बारा सहित प्रदेश २ का ८ जिल्लामा स्थाई र अस्थाई गरी ७३ स्थानमा ट्राफिक प्रहरी पोष्ट संचालनमा रहेको उनले बताए । बाराको सिमरा, कलैया, पथलैया, जीतपुर, निजगढ, सिम्रौनगढ, जैतापुर र डुमरवानामा ट्राफिक प्रहरी विट संचालनमा छन् । जसमध्य निजगढ र पथलैया मात्रै स्थाई हुन् । अन्य ७ स्थानको पोष्टहरु अस्थाई रहेको पालले जानकारी दिए ।

चाडपर्वका समयमा हुन सक्ने संभावित दुर्घटना न्युनिकरणका लागि प्रदेश २ अन्तरगत बाराको पथलैया देखी सप्तरीको भारदह सम्म टाईमकार्ड लागु गरिएको हो । पथलैया देखी भारदह

(बाँकी तेश्रो पेजमा)

## प्रहरीद्वारा अबैध घरेलु मदिरा नष्ट

जियालाल चौधरी

कोल्हवी, १७ असोज । ईलाका प्रहरी कार्यालय कोल्हवीले एक हजार दुई सय त्यारी अवैध घरेलु मदिरा शुक्रबार नष्ट गरेको हो । ईलाका प्रहरी कार्यालय कोल्हवीका प्रहरी निरिक्षक बालिष्टर सिंहको कमाण्डमा खटिएको टोलीले कोल्हवी नगरपालिका क्षेत्रमा बिभिन्न मिति तथा स्थान बाट अवैध रुपमा संचालन गरेको अवैध घरेलु मदिरा बरामद गरी नष्ट गरेका छन् ।



शुक्रबार कोल्हवी नगरपालिकाका नगर प्रमुख भरत बहादुर भण्डारीको प्रमुख अतित्वमा उक्त बरामद गरेको अबैध घरेलु मदिरा शुक्रबार एक समारोहका बिच नष्ट गरेका बारे जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिए । प्रहरी निरिक्षक सिंहको नेतृत्वमा खटिएको टोलीले कोल्हवी नगरपालिकाको वडा नम्बर २ हलुमानगञ्ज लगायतको क्षेत्रबाट बेबारीअवस्थामा फेलापरेको अवैध घरेलु

(बाँकी तेश्रो पेजमा)

बडा दशैंको हार्दिक शुभकामना



विजया दशमी,दिपावली छठ तथा मोहरम पर्वको उपलक्ष्यमा देश विदेश जहाँसुकै रहनुहुने समस्त नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । साथै सहकारीमा आवद्ध सम्पूर्ण सदस्य परिवारमा सु:ख, शान्ति र समृद्धिको कामना गर्दछौं ।

कासिम मिया
अध्यक्ष
संयुक्त बचत तथा ऋण सहकारी संस्था लि. सिमरा,बारा एवं परिवार

संयुक्त बचत तथा ऋण सहकारी संस्था लि.

साधारण सभा सम्बन्धि सुचना

द.न. २२३/०६६/०६७ डि. स. का पर्सा फोन न. ०५३-५२१८००

संयुक्त बचत तथा ऋण सहकारी संस्था लि. जितपुरसिमरा उमनपा १ एयरपोट रोठ, सिमरा संचालक समितिको मिति २०७६/०५/१५ मा बसेको बैठकको निर्णय अनुसार दशौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनमा भाग लिन सम्पुर्ण शेयर सदस्यहरुको उपस्थितिको लागि यो सुचना प्रकाशित गरीएको छ ।

साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०७६ कार्तिक २ गते शनिवार
समय : बिहान ७ बजे देखि
स्थान : थानियमाई बन उपभोक्ता समिति सिमरा
सम्पर्क न. ९८५५०२०९५४, ९८५५०२२८७९

नोट : शेयर सदस्य महानुभावहरुलाई साधारण सभाको लागि पत्रचार गरीएको छ । पत्र प्राप्त नभएता पनि यसै सुचनालाई आधार मानि उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

बडा दशैंको हार्दिक शुभकामना



हिन्दुहरुको महान पर्व बडा दशैं २०७६ को उपलक्ष्यमा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, सम्वाददाता एवं शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना ।

हाम्रो भेट असोज २५ गते शनिबार हुनेछ ।

कृपा दैनिक परिवार

## सम्पादकीय........

# मंगलमय बनोस् दशैं

नेपालीहरुको घर आंगनमा बिजया दशैं २०७६ भित्रिसकेको छ। अघिल्लो वर्षको दशैं र यो वर्षको दशैंबीचको बजारभाउको अन्तर हेर्ने हो भने कहालीलाग्दो छ । बजारमा सबै उपभोग्य वस्तुको भाउ अकासिएको छ । खाद्यवस्तु, लत्ताकपडा तथा दुग्धपदार्थको भाउ अघिल्लो दशैंको तुलनामा २५ देखि १ सय प्रतिशतसम्म बढेको छ । सवारीसाधनको भाडा पनि त्यत्तिकै बढेको छ । चामल, तरकारी, फलफूल र मासुको भाउ साउन लागेदेखि नै बढ्न थालेको छ। अघिल्लो दशैंको तुलनामा अहिले चामल प्रतिबोरा ५० देखि दुई सय रुपैयांसम्म बढेर आएको छ मुलुकमा दुई तिहाइ बहुमतको जननिर्वाचित सरकार छ । तर किसानले प्रतिलिटर ५६ रुपैयांमा बिक्री गर्ने दूध एक सय रुपैयांमा खरिद गर्न उपभोक्ता किन बाध्य छन् ? किसानले प्रतिकेजी पांच सयमा बिक्री गर्ने मासु १३ सय रुपैयांमा खरिद गर्न उपभोक्ता किन बाध्य छन् ?

यसमा सरकारले ध्यान दिनु पर्दछ। हरेक वस्तुमा किसानले बिक्री गर्ने मूल्य र उपभोक्ताले खरिद गर्ने मूल्यमा धेरै नै ठूलो अन्तर देखिएको छ। जसका कारण किसान निराश छन्। आफ्नो व्यवसाय छाडेर वैदेशिक रोजगारीतिर किसान जान थालेका कारण खेतबारी बांझिन थालेका छन्, विदेशी आयात अकल्पनीय रूपमा बढेको छ । कृषिप्रधान मुलुक नेपालमा कृषिउपजको मात्रै वार्षिक आयात दुई खर्ब रुपैयांको हाराहारीमा पुग्न थालेको छ। यो कहालीलाग्दो अवस्था उत्पन्न हुनुको मुख्य कारण भनेको किसान र उपभोक्ताबीच चार(पांचवटा तह हुनु हो । अर्थात् किसानको उत्पादन उपभोक्तासम्म आइपुग्न चार(पांचबाट तह पार गर्नुपर्ने हुन्छ ।

घटस्थापनादेखि विजयादशमीसम्मको दस दिनलाई दशैं भनिए पनि पूर्णिमासम्म अर्थात् १५ दिन यो चाड मनाइन्छ । साथै, दशैं आरम्भ हुनुभन्दा अघिका १६ दिन आफ्ना पितृहरूलाई तर्पण तथा पिण्डदान दिइन्छ । त्यसैले पूर्वतयारीको यो १६ दिनलाई पनि दशैं चाडकै अंगका रूपमा लिने गरिएको छ । सरकारीस्तरमा पनि सबैभन्दा लामो विदा दशैं चाडकै अवसरमा दिइन्छ, साथै दशैं मनाउनका लागि सरकारले आफ्ना कर्मचारीहरूलाई एक महिना बराबरको तलब उपलब्ध गराउने गरेको छ । त्यसैले दशैं पर्वको धार्मिक तथा सांस्कृतिक महत्व मात्रै छैन, आर्थिक महत्व पनि त्यत्तिकै छ। दशैं पर्वको अवसरमा खानपान, मनोरञ्जन, पूजा तथा दानदक्षिणाका लागि आफ्नो हैसियतअनुसार मन फुकाएर खर्च गर्ने परम्परा छ । जस्तै गरिबका घरमा पनि दशैंका तीन दिन मीठो मसिनो खानेकुरा पाक्छ । नयां लुगा लगाइन्छ । त्यसैले पनि दशैं सबैका लागि मुख्य पर्व बनेको छ । बिजया दशमी २०७६ सालको पावन अवसरमा हामी हाम्रा सम्पूर्ण बिज्ञापनदाता,शुभचिन्तक तथा शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## सेवाको लागि सम्पर्क गरौ

१. अर्डर अनुसारको स्टेशनरी लगायत अर्डर सामाग्री सप्लाई गर्ने कार्य गरिन्छ ।
२. राष्ट्रिय र स्थानीय पत्र-पत्रिकामा सूचना प्रचार-प्रसार(प्रकाशित) गर्ने कार्य गरिन्छ ।
३. मल्टिकलर प्रिन्टिङ्ग, बिल-बुक, लेटर-प्याड, रजिस्टर, मल्टिकलर तथा जेनरल भिजिङ्टि कार्ड, मल्टिकलर तथा जेनरल प्रमाण-पत्र, अर्डर अनुसार सेल्फ ईंक स्ट्याम्प लगायत अर्डर अनुसारका सामानहरु उपलब्ध गराईने छ ।
४. बिभिन्न किसिमका खादा, रिबन अतिथि ब्याच वा प्लाष्टिकको ब्याच, मायाको चिनो, आई डि कार्ड मल्टिकलरमा अर्डर अनुसार प्रिन्टिङ्ग कार्य गरिन्छ ।
५. सहकारी संस्था चलाउँदा आवश्यक पर्ने सम्पूर्ण खाता बहीहरु तयारी अवस्थामा बिक्रीको लागि राखिएको छ ।

सम्पर्क
काव्य पब्लिकेशन एण्ड एजेन्सी प्रा.लि.
वीरगंज-१३, पर्सा
९८४५३१०५४९, ९८१६२३६४१९, ९८१६२९२४५३
एवं घण्टाघर कम्पाण्ड मित्र, भरतचौक, कलैया
९८१६२९२४५३, ९८०६८८२६५८, ९८१६२३६४१९

# भौतिक पूर्वाधारमा चिनियां सहयोग : जनस्तरमा विस्तारित सम्बन्ध

रमेश लम्साल

काठमाडौं, १७ असोज (रासस): तपाईं कति पटक कलङ्कीको जाममा पर्नुभयो ? एक दुई वा त्योभन्दा बढी पनि हुनसक्छ । यदि तपाईं काठमाडौं उपत्यका बाहिर ओहोरदोहोर गरिरहनुहुन्छ भने दशौंपटकसम्म पनि जाममा पर्नुभएको हुनसक्छ। कलङ्की खण्डको विकराल जाम अब इतिहास भइसकेको छ । कलङ्कीमा बनेको अण्डरपास धेरैका लागि नयां र नौलो प्रयोग पनि भएको छ ।

डेढवर्ष पहिलेसम्म कोटेश्वर( कलङ्की खण्डमा घण्टौं सवारीको जाम हुन्थ्यो । कार्यालय हिंडेका, अत्यावश्यक कामका लागि निस्केका, अस्पताल जान लागेका बिरामी तथा सर्वसाधारणले ठूलो हैरानी भोग्नु परेको थियो। चिनियां सरकारको सहयोगमा नेपालमा पहिलो पटक आठ लेन सडक कोटेश्वर(कलङ्की(चक्रपथ विस्तार सम्पन्न भई सञ्चालनमा आइसकेको छ । यतिखेर कलङ्कीको जाम एउटा इतिहास भइसकेको छ ।

यस्तै दोस्रो खण्ड अन्तर्गत कलङ्की( महाराजगञ्ज सडक खण्डको काम पनि निकट भविष्यमा नै शुरु हुन लागेको छ । सो सडक खण्ड निर्माण भई सञ्चालनमा आएपछि त्यसले पार्ने प्रभाव पनि बेग्लै तर सकारात्मक हुनेछ । कूल २७ किलोमिटर लामो चक्रपथको विस्तार गरी आठ लेनको बनाउने काममा चिनियां सहयोग प्राप्त भएको छ। त्यसमध्ये एउटा खण्ड सकिइसकेको छ भने दोस्रो खण्डको काम शुरु हुने तयारीमा छ ।

तेस्रो खण्डमा महाराजगञ्ज( कोटेश्वर खण्ड छ । सो खण्डको पनि नेपाल सरकार आफैले वा विदेशी सहयोगमा निर्माण गर्ने भन्ने बारेमा छलफल जारी छ । नेपालको विकास निर्माण तथा भौतिक पूर्वाधारको विस्तारमा चीन सरकार र चिनियां नागरिकले भरपूर सहयोग गरेका छन् । सो सडक खण्ड निर्माणमा आएका चिनियां कामदारले काम गर्ने शैली, सीप र तरिका पनि नेपालीका लागि अर्को अनुकरणीय पाटो बनेको थियो ।

कोटेश्वर(कलङ्की सडक खण्ड गत माघमा नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो। कुनै विदेशी शहरमा पुगे जस्तो लाग्ने आकर्षक सडक चिनियां प्रविधि र मेहनतमा निर्माण गरिएको हो । दुई देशबीचको जनस्तरको सम्बन्धको विस्तारका लागि सो सडक खण्ड थप एक कोशेढुंगा भएको जानकारको भनाइ छ। चीनले पांच वर्ष लगाएर कोटेश्वरदेखि कलङ्कीसम्मको आठ लेनको १० किलोमिटर ४०० मिटर सडक विस्तार गरेको हो ।

करीब रु पांच अर्ब अनुदान सहायतामा चीनले सो सडक खण्ड विस्तार गरी नेपाल सरकारलाई हस्तान्तरण गरेको हो । सो सडक खण्डको उद्घाटन कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सडक विस्तार गरी हस्तान्तरण गरेकामा चीन सरकारप्रति आभार व्यक्त गर्नुभएको थियो। चीनले नेपालको पूर्वाधार, शिक्षा, स्वास्थ्य, उद्योग, सडक निर्माणको क्षेत्रमा विगतदेखि नै पुर्‍याउँदै आएको सहयोगको प्रधानमन्त्रीले मुक्तकण्ठले प्रशंसा गर्नुभएको थियो । चिनियां सरकारको सहयोगमा चिनियां निर्माण कम्पनी सांघाई कन्स्ट्रक्सन ग्रुपले सो सडक निर्माण गरेको हो ।

कलङ्की(महाराजगञ्ज सडक खण्ड विस्तारका लागि विद्युत्का पोल हटाउने, रुख हटाउने तथा अन्य काम शुरु भइसकेको छ । काठमाडौं चक्रपथ सुधार योजना प्रमुख अमृतमणि रिमालका अनुसार कलङ्कीबाट रुख कटानको काम शुरु भएको छ । हालसम्म करीब ३०० विद्युत्का पोल सारिएको छ । आगामी मंसिरसम्म सडक विस्तारका लागि मार्गप्रशस्त गर्ने लक्ष्य राखिएको छ। सो आयोजनामा पनि गोंगबु र महाराजगञ्जमासमेत कलङ्कीको जस्तै अण्डरपास बनाउने प्रस्तावित विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा समावेश छ ।

नेपाल र चीनबीचको सदियौंदेखिको सम्बन्धलाई ठूला भौतिक पूर्वाधार निर्माणबाट जनस्तरमासमेत विस्तार भइरहेको छ । रानीपोखरीको ठिक अघित्तिर निर्माण भइरहेको दरबार हाइस्कुल समेत चिनियां सहयोगमा नै निर्माण भइरहेको छ। 'गोरखा भूकम्प' का कारण क्षतिग्रस्त भएको सो विद्यालय निर्माणमा पनि चिनियां सहयोग उपलब्ध छ ।

पछिल्ला दिनमा चिनियां कम्पनीसंग संयुक्त रूपमा काम गरिरहेको नेपाली निर्माण व्यवसायी रमण कन्स्ट्रक्सनका प्रमुख कार्यकारी अधिकृत रमण महतो ठूला भौतिक पूर्वाधार निर्माणमा विदेशी सीप र प्रविधिबाट नेपालले ठूलो लाभ हासिल गर्ने बताउनुहुन्छ। भेरी( बबई डाइभर्सन आयोजनामा रमण कन्स्ट्रक्सन र चीनको ग्वाङ्डोन(युनाटियन कम्पनीसंगको संयुक्त उपक्रमले ठेक्का पाएको छ ।

रमण कन्स्ट्रक्सनका प्रमुख कार्यकारी अधिकृत महतो विदेशी सीप र काम गर्ने क्षमतालाई नेपालमा ल्याउने र आगामी दिनमा नेपाली व्यवसायीले नै काम गर्नसक्ने वातावरण बनेको बताउनुभयो । विदेशी सीप र प्रविधि सिकेर देशभित्रै दक्षजनशक्ति उत्पादन गर्ने सार्थक पहलमा सरकार सफल हुँदै गएको देखिन्छ । ठूला भौतिक पूर्वाधार निर्माणमा सरकारको योजनालाई यस्ता सहकार्यले थप सबल बनाउँदै लगेको छ ।

रमण कन्स्ट्रक्सनका प्रमुख कार्यकारी अधिकृत महतो चिनियांलगायत विदेशी कम्पनीको कामप्रतिको जिम्मेवारी, काम गर्ने शैली, उनीहरूले सोच्ने तरिका र अनुभवले नेपाली निर्माण व्यवसायीलाई थप मार्गदर्शन गर्ने बताउनुहुन्छ । चीन सरकारको सहयोगमा निर्माण भएको सिभिल अस्पतालले निजामति कर्मचारीका अलावा अन्य नागरिकलाई समेत सेवा दिइरहेको छ । नेपाल( चीन सम्बन्धको नाम लिंदा आउने उदाहरणका रूपमा समेत सो अस्पताललाई लिने गरिन्छ ।

यस्तै, चिनियां सहयोगमा नै दैलेखमा निकट भविष्यमा नै पेट्रोलियम पदार्थको उत्खनन कार्य शुरु गर्ने तयारीमा सरकार लागेको छ । भूकम्प, नाकाबन्दी, प्राकृतिक विपत्तीमा समेत चीनले नेपाललाई खुल्ला हृदयका साथ सहयोग गरेको थियो । यस्तै, गत जेठ १५ गतेदेखि नै भूकम्पले बन्द भएको तातोपानी नाका सञ्चालनमा आएको छ। ठूलो कष्टपछि नेपाल चीन सम्बन्धको प्रमुख सेतुका रूपमा रहेका नाका खुलेसँगै चहलपहल पनि शुरु भएको छ ।

उता सधैंजसो धावनमार्गको कालोपत्र उप्केर समस्यामा पर्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मर्मत पनि चिनियां प्राविधिक र निर्माण व्यवसायीले गरेको हो । कूल तीन हजार मिटर लामो धावनमार्ग तोकिएको समय अगावै सम्पन्न भयो। निर्धारित समयमै काम सम्पन्न नहुने रोग नेपालका लागि नयां होइन । जतिसुकै ठूला परियोजना पनि विभिन्न बहानामा पर सार्ने, समय लगाउने र लागत बढाउने प्रवृत्तिले विकास निर्माणका लागि बाधक बन्दै आएको छ ।

जिम्मेवार निकायले इमान्दार भएर प्रयास गर्‍यो भने कठिनभन्दा कठिन काम पनि तोकिएको समयमा पूरा हुनसक्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको मर्मतले । चिनियां निर्माण कम्पनी चाइना नेशनल एग्रो टेक्नोलोजी इन्टरनेशनल इन्जिनीयरिङ कर्पोरेशनले सरकारको अपेक्षा र राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखेर तोकिएको समयमा नै उक्त काम सम्पन्न गरेको हो ।

यसरी ठूला भौतिक पूर्वाधार निर्माण, सीप र प्रविधिको हस्तान्तरणमा चीन सरकारले नेपाललाई हृदयदेखि नै सहयोग गर्दै आएको छ । बीच( बीचमा भएका उच्चस्तरीय राजनीतिक भ्रमण आदानप्रदानले पनि दुई देशको सम्बन्धलाई थप नयां उचाइमा पुर्‍याएको छ। चिनियां राष्ट्रपति केही दिनपछि नेपाल भ्रमणमा आउन लाग्नुभएको छ। भ्रमणका क्रममा केही महत्वपूर्ण सहयोग सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने तयारी भएको सरकारका भनाइ छ ।

# अनुगमनका क्रममा कुहिएको मासु नष्ट

भक्तपुर, १७ असोज (रासस): भक्तपुर नगरपालिकाले मासु पसल अनुगमन गरेको छ । आज नगरपालिकाका पसल अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा कमलविनायक, व्यासी र भुलाछें लगायतका क्षेत्रमा भएको मासु पसल अनुगमनमा अधिकांश मासु पसल सुधार गर्नुपर्ने र न्यूनतम मापदण्डसमेत नपुर्‍याई सञ्चालन गरेको पाइएको छ ।

अनुगमनमा हरिकृष्ण खड्गीले रांगाको मासु पसल पटक पटक गरेको अनुगमनमा पसल दर्ता गर्न दिएको निर्देशन अटेर गरेको, फ्रिजमा कुहिएको र बिग्रेको मासु राखिराखेको पाइएको निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो। टोलीले उक्त पसलबाट कुहिएको र सडेको मासु नष्ट गरेको, फ्रिज सफा गर्न, पसल सरसफाइ गरी व्यवस्थित गर्न, मासु धुलो र झिंगा नभन्किने गरी जालीले छोपेर राख्न, बासी र बिग्रेको मासु नबेच्न, एप्रोन सेतो अनिवार्य प्रयोग गर्न निर्देशन दिएको छ ।

त्यस्तै जयकाली मिट शप पसलले नवीकरण नगरेको, मासु काट्ने औजार खिया लागेको, पसल फोहर भएका, एप्रोन प्रयोग नगरेको, कुहिएको र बिग्रिएको बासी मासु बिक्रीमा राखेको पाइएपछि कुहिएको चार किलो मासु जफत गरी नष्ट गरिएको छ। त्यसैगरी महाकाली मिट शप पसलले नवीकरण नगरेको, फ्रिजमा भेज र मासु छुट्टाछुट्टै नराखेको, एप्रोन, हेयरनेट, मास्क र पञ्जा प्रयोग नगरेको, बधस्थलमा फोहर र दुर्गन्धित भएको पाइएको छ ।

यता लक्ष्मीदास शाहीको रांगोको मासु पसल दर्ता नगरेको, मासु कपडा भिजाएर छोपेको, सडक पेटी र बाटोमा टेबुल राखेर मासु बेचबिखन गरेको, भुइं भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा टायल नराखेको पाइएको छ । न्यू चिकेन स्टोरमा सरसफाइमा ध्यान नदिएको र एप्रोन सेतो प्रयोग नगरेको तथा पी.एस.मिट शप पसल नवीकरण नगरेको पाइएको छ ।

त्यस्तै क्वालिटी कोल्ड स्टोर म:म: को पाकेजिङमा उत्पादन मिति नभएको, मासुको किमा लगायतमा लेबल राखेर मात्र बेचबिखन गर्न निर्देशन दिइएको छ । न्यू महालक्ष्मी कोल्ड स्टोरमा पसलमा सामानहरू दाना, जेनेरेटरलगायत अन्य सामानहरू जथाभावी राखेर व्यवस्थापन नगरेको, कमलविनायक मिट शपमा दर्ता प्रमाणपत्र पसलमा नराखेको, सामानहरू जथाभावी राख्नै, फोहर र एप्रोन सेतो प्रयोग नगरेको पाइएको छ। त्यस्तै विकास मिट एप्रोन प्रयोग नगरेको, सुरेन्द्र मिट हाउसमा मासु सफा गर्ने पानी एकदम दूषित भएको, सराज मिट शप दर्ता नवीकरण नगरेको, मुलढोका ब्रोइलर हाउस दुई वर्षदेखि पसल नवीकरण नगरेको, मूल्यसूची नराखेको निरीक्षक प्रजापतिले बताउनुभयो । अनुगमनमा समितिका सदस्यसचिव दिलीपकुमार सुवाल, भनपा स्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, पशु सेवा शाखाका लालमती लामा, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, उद्योग वाणिज्य सङ्घका सञ्जय जोन्छे, महानगरीय प्रहरी परिसरका राजबहादुर डगोरा र नगरपालिकाका कर उपशाखाका न्हुज किजूको सहभागिता थियो ।

# मीना सिर्जनशील समावेशी पत्रकारिता पुरस्कार अधिकारीलाई

पोखरा, १७ असोज (रासस): समाजसेवी एवम् गण्डकी प्रदेशसभा सदस्य मीना गुरुङद्वारा स्थापित तथा नेपाल पत्रकार महासङ्घ कास्कीद्वारा सञ्चालित मीना सिर्जनशील समावेशी पत्रकारिता पुरस्कारबाट स्मिता अधिकारीलाई सम्मान गरिएको छ ।

विजया दशमी, दीपावली लगायतका चाडपर्वको शुभकामना आदानप्रदान समेतको सन्दर्भ पारी आज आयोजित कार्यक्रममा गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमानले रु २० हजार १०१ सहित सम्मानपत्र र दोसल्लाबाट अधिकारीलाई सम्मान गर्नुभयो । सम्मानित अधिकारी सञ्चारिका समूह गण्डकी प्रदेशको अध्यक्ष एवम् अङ्ग्रेजी भाषाको पत्रिका 'द राइजिङ नेपाल'मा आबद्ध हुनुहुन्छ ।

कार्यक्रममा मन्त्री चुमानले प्रदेशमा पत्रकारको हकहितका साथै सञ्चारमाध्यमलाई व्यवस्थित गराउनमा आफूहरू लागेको धारणा राख्नुभयो । पत्रकारजगत्ले आफ्नो पेशागत जिम्मेवारी एवम् मर्यादालाई आत्मसात् गर्न सक्नुपर्ने बताउँदै उहांले सञ्चार क्षेत्रकै समुचित व्यवस्थापनको उद्देश्यका साथ आफूहरू त्यससम्बन्धी कानून निर्माणको तयारीमा लागेको जानकारी दिनुभयो।

पुरस्कारकी संस्थापिका एवम् गण्डकी प्रदेशसभा सदस्य गुरुङले समाजको रुपान्तरणका लागि पत्रकारिताका माध्यमबाट ठूलो योगदान पुग्ने भएकाले पुरस्कारको स्थापना गरिएको बताउनुभयो। जिल्ला समन्वय समितिका सभापति बैनबहादुर अधिकारी क्षेत्रीले समाजका राम्रा/नराम्रा प्रत्येक घटनाका साथै विकास निर्माणका कुरालाई सञ्चार क्षेत्रले जनसमक्ष ल्याउने भएकाले यसको महत्व रहेको धारणा राख्नुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, प्रजिअ रमेश केसी, नेपाल प्रेस युनियनका अध्यक्ष नवीन सिग्देल, लेखनाथ उद्योग वाणिज्य सङ्घका

(बाँकी तेश्रो पेजमा)

आर्थिक समाचारको प्रायोजक
शुभलक्ष्मी बहुउद्धेश्यिय सहकारी संस्था लीद्वारा संचालित
बचत तथा ऋण कारोबार, बिरगंज-१६ पर्सा, ९८१६२३६४१९

बिश्व समाचारको प्रायोजक
काब्य पब्लिकेशन एण्ड एजेन्सिद्धारा संचालित
एभरटाईजिङ्ग एजेन्सि, कलैया बारा, ९८४३११३४३५

खेल समाचारको प्रायोजक
शुभलक्ष्मी बहुउद्धेश्यिय सहकारी संस्था लीद्वारा संचालित
बचत तथा ऋण कारोबार, बिरगंज-१६ पर्सा, ९८१६२३६४१९


# कपडा बैंकप्रति दलित असहायको आकर्षण बढ्दो

बीरगञ्ज १७ असोज(रासस)

रिक्सा चलाएर गुजारा गर्दै आएका सर्लाही रेहुवाका ४० वर्षीय सञ्जय पासवान दिनभरिको थकाइपछि राति घर जाँदा १२ वर्षीय छोराले दशैंमा नयाँ लुगा किनीदिन सधैंभरि आग्रह गर्दै आएका थिए । उहाँको रिक्सा कमाईले घर धान्न धौंधौ परिरहेको थियो ।

सधैंभरिको छोराको जिद्दीबाट आजित भइसकेका बेला छोराको मागलाई पूरा गरिदियो, कपडा बैंकले । उनलाई आफ्नो घरपरिवारको नानीहरुका लागि धेरै पटक त्यही बैंकबाट लुगा लगेर दशैंको साइत जुराइदिएको छ । वीरगञ्ज महानगरपालिका(१० आदर्शनगरमा ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र, व्यवस्थित वीरगञ्ज अभियान तथा वुमेन क्रिएशनले संयुक्त रुपमा सञ्चालनमा ल्याएको कपडा बैंकले पासवानलाई मात्र होइन अन्य दलित असहाय र मजदूरहरुका लागि बरदान साबित भएको छ ।

"हामी गरीब छौं, दैनिक गुरा गरेजार परिवारको पेट पाल्ने गरेका छौं, कसरी छोराछोरीलाई दशैंजस्तो पर्वमा नयाँ लुगा किन्न सक्छु र ?", सुखदी मल्लिक डोमले आफ्नो पीडा पोख्दै भनिन्, "तर खोज्दै जाँदा हाम्रा नानीहरुका लागि नि:शुल्क लुगा बाँड्ने कपडा बैंक फेला पार्‍यौं र त्यही बैंकबाट कपडा ल्याएर छोराछोरीका माग पूरा गर्दा धेरै खुशी लागेको छ ।"

# पाकिस्तानसँगको कानुनी संघर्षमा भारतीय राजपरिवारको जित

लन्डन १७, असोज । लन्डनको एउटा अदालतले बेलायतको एउटा बैंकमा राखिएको चार अर्ब ८६ करोड नेपाली रुपैयाँ (तीन करोड ५० लाख पाउन्ड) पाकिस्तानलाई नभई भारतको एउटा राजपरिवारका वंशजलाई दिइनुपर्ने फैसला सुनाएको छ ।

सन् १९४८ मा हैदराबादका अन्तिम राजा (निजाम)ले तत्कालीन पाकिस्तानी उच्चायुक्तको नाममा रहेको बेलायतको एउटा बैंक खातामा १० लाख पाउन्ड (बेलायती मुद्रा) जम्मा गरेका थिए। साँवा र ब्याजसहित उक्त रकम अहिले तीन करोड ५० लाख पाउन्ड पुगेको छ। न्यायाधीशले पाकिस्तानसँग उक्त रकममा आफ्नो स्वामित्व प्रमाणित गर्ने आधार नरहेको निर्णय सुनाएका छन्। बेलायती बैंकमा राखिएको रकमसम्बन्धी विवाद सन् १९४७ मा भारत र पाकिस्तान विभाजनसँग जोडिएको छ ।

हैदराबादमा त्यस बेला बेलायती उपनिवेशलाई समर्थन गर्ने राजपरिवारको शासन थियो। तर सन् १९४८ मा भारतले सैनिक कारबाहीमार्फत उक्त राज्यलाई आफूमा विलय गराएको थियो। उक्त रकम स्थानान्तरण त्यसको केही अघि मात्रै भएको थियो। राजा उस्मान अली खानले उनको राज्य भारत वा पाकिस्तान कसको हुने भन्ने निर्णय गर्न सकिरहेका थिएनन्। उनका वंशजहरूले भारतमा विलय भएको केही सातापछि नै उनले उक्त रकम फिर्ता गरिदिन आग्रह गरेको बताउने गरेका छन्। तर पाकिस्तानले त्यस्तो आग्रह अस्वीकार गरेको थियो ।

उनको परिवारले भारत सरकारसँग मिलेर उक्त मुद्दा दायर गरेको थियो। नेसनल वेस्टमिन्स्टर बैंकमा उक्त रकम जम्मा गरिएको थियो । अदालतबाट सो मुद्दाको अन्तिम निर्णय नहुँदासम्म कुनै एक पक्षलाई रकम निकास गर्न उक्त बैंकले अस्वीकार गरेको थियो। सुरुमा जम्मा गरिएको रकमको ब्याज बढेर अहिले साँवासहित साढे तीन करोड पाउन्ड पुगेको बताइएको छ। पाकिस्तानले हतियार खरिद गर्न उक्त रकम दिइएको तर्क गरेको थियो। तर अदालतले उक्त रकम बेलायती बैंक खातामा जम्मा भएकाले त्यसबारे निर्णय गर्ने अधिकार आफूमा निहित रहेको ठहर गरेको थियो

'पाकिस्तानलाई त्यत्तिकै रकम हस्तान्तरण नगरिएको आफूलाई लागेको अदालतले स्पष्टसँग भनेको

# चौतारी क्लव निजगढ नगरस्तरीय भेट्रान फुटबलको फाइनलमा

कृपा संवाददाता

निजगढ, १७ असोज । विजया दशमीको अवसरमा निजगढमा जारी नगर स्तरिय भेट्रान नकआउट फुटबल प्रतियोगिता अन्तरगत आयोजक निजगढ ७ को चौतारी युवा क्वलले अन्तिम दुईमा स्थान बनाएको छ । शुक्रबार भएको खेलमा आयोजक चौतारीले लालिगुराश युवाक्लव निजगढ ३ सिगौललाई २, १ गोल अन्तरले पराजित गर्दै फाइनल प्रवेश गरेको हो । चौतारीको लागि बमबहादुर दर्लामीले २ गोल गरेका थिए । लालिगुराशको लागि भने धनबहादुर पुलामीले गोल फर्काएका थिए । उपाधिको लागि आज बिहान नमोबुद्ध र न्युजनजाग्रिति युवा क्वल निजगढ ५ बीच हुने खेलको विजयी टोलीसंग चौतारीले प्रतिस्पर्धा गर्ने छ । प्रतियोगिता अन्तरगत फाइनल खेल आजै दिउसो २ बजे हुने आयोजक समितिका सचिव सुमित्रा लामाले जानकारी दिनुभयो। दोस्रो सेमिफाइनल अन्तरगत आज बिहान ९ बजे नमोबुद्ध र न्युजनजाग्रिति युवा क्वलले प्रतिस्पर्धा गर्दैछन । हिजो दिउसो भएको पहिलो खेलमा नमोबुद्ध युवा क्वल निजगढ ६ ले शंकर युवा क्लव निजगढ ९ लाई ४, ० ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको थियो । नमोवुद्धको लागि कोषराज तामाङले २ लिलाबहादुर राउतले १ र कृष्ण बोगटीले १ गोल गरेका थिए। नमोबुद्धका लागि २ गोल गरेका कोषराज खेलको म्यान अफ दि म्याच घोषित भए । निजगढ नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष सुदर्शन बडालले कोषराजलाई म्यानअफ दि म्याचको ट्फि प्रदान गर्नुभएको थियो। निजगढ नगपालिका वडा नम्बर ७ स्थित नेत्रोदय माविको प्राङ्गणमा भइरहेको प्रतियोगितामा निजगढ नगरका ४० बर्ष उमेर नाघेका खेलाडिहरु मात्र सहभागी छन । प्रतियोगितामा प्रथम हुने टिमलाई ३० किलो तथा दोश्रो हुने टिमलाई २० किलोको खसि पुरस्कार प्रदान गरिने छ ।

# गांउ कार्यपालिकाको कार्यालय

## मुडली , पर्सा

## प्रदेश नं. २ , नेपाल

## ग्यास चुल्हा सप्लाई गर्ने सम्बन्धी सिलबन्दी दरभाउ पत्र आहवानको सुचना

प्रथम पटक प्रकाशित मिति : २०७६/०६/१८

यस गाँउपालिकाको वडा नं. : २ , ३ र ५ को लागि ग्यास चुल्हा (Gas chulo) आवश्यक भएको हुदाँ योग्य फर्म वा अधिकृत विक्रेताहरूबाट तपशिल बमोजिमका शर्तहरूको अधिनमा रहि तपशिलमा उल्लेखित शर्तमा उक्त ग्यास चुल्हा उपलब्ध गराउन सकिन्छ , यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र रितपुर्वको सिलबन्दी दरभाउ पत्र पेश गर्न हुन आहवान गरिन्छ ।

**तपशिल :**

१)दरभाउ पत्र दस्तुर वापत तपशिल बमोजिमको रकम ( फिर्ता नहुने गरि ) बुझाई आ.व. ०७६/०७७ को नवीकरण भएको ईजाजत पत्र , आयकर चुक्ता र मुल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणित प्रतिलिपिका साथ सुचना प्रकाशित भएको मितिले उल्लेखित म्याद भित्र यस कार्यालयको राजश्व परिचालन उप शाखाबाट कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सकिने छ ।

२)खरिद गरिएको दरभाउ पत्र प्रथम पटक सुचना प्रकाशित मितिले १६ औँ दिन दिनको १२: ०० बजे भित्र श्री कालिकामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुडली , पर्सामा दर्ता गराई सक्नुपर्ने छ । म्याद भित्र दर्ता भएको बोलपत्र अन्तिम दिनको २ : ०० बजे यस कार्यालय तथा दरभाउ पत्र दाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा गाँउपालिकामा खोलिने छ । दरभाउ पत्र दाताहरुको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न वाधा पर्ने छैन ।

३)दरभाउ पत्र जमानत बापत कबुल अंकको २.५% धरौटी रकम ( पछि फिर्ता हने ) बैंक अफ काठमाण्डु , विरञ्चीवर्वा शाखा धरौटी खाता नं. : 01-88-000000-44-524 मा जम्मा गरेको सक्कल भौचर वा क वर्गको बैंकले गाउँपालिकाको नाममा जारी गरेको कम्तिमा ९० दिनको बैक जमानत ( बैंक ग्यारेन्टी ) पेश गर्नुपर्ने छ ।

४)दरभाउ पत्र खरिद , दर्ता र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

५)यस कार्यालयको हितलाई ध्यानमा राखि दरभाउ पत्र आशिंक वा पुर्ण स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६)दरभाउ पत्र स्विकृत भएपछि सम्झौत गर्नु अगावै कबुल अंकको ५% ( पछि फिर्ता हने ) ले हुन आउने नगद जमानत रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट जारी भएको परफमेन्स वण्ड पेश गर्नुपर्ने छ ।

७)शिलबन्दी दरभाउ पत्रको कागजात पेश गर्दा खाममा स्पष्ट संग कार्यालयको नाम, ठेक्का नं. ,कामको विवरण तथा बोलपत्र दाताको नाम र ठेगाना खुलाई शिलबन्दी गरिएको हुनुपर्ने छ ।

८)म्याद नाघी आएको , रित नपुगेको र सर्त राखिएको दरभाउ पत्र उपर कुनै कारबाही गरिने छैन ।

९)एक फर्मको नाममा खरिद गरिएको दरभाउ पत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

**तपशिल**

| क.स | सुचना नं. | वडा नं. | कामको विवरण | सख्या | दर (भ्याट सहित) | बोलपत्र रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ /०७६/०७७ | कालिकामाई गा.पा. वडा नं. २ भेडिहारी,पर्सा | GasChulo(gas clinder,gas chulo, regulater,pipe and nut bolt ) | २१७ | ७३४६.१३ | १५९४११0। | ३000। | |
| २ | ३ /०७६/०७७ | कालिकामाई गा.पा. वडा नं.३ हरिहरपुर विर्ता , पर्सा | GasChulo(gas clinder,gas chulo, regulater,pipe and nut bolt ) | १९० | ७३४६.१३ | १३९५७६५। | ३000। | |
| ३ | ४ /०७६/०७७ | कालिकामाई गा.पा. वडा नं. ५ विरञ्चीर्वा , पर्सा | Gas Chulo(gas clinder , gas chulo , regulater ,pipe and nut bolt ) | २५८ | ७३४६.१३ | १८९५३0२। | ३000। | |

### कसैको आदेशका ...

हस्तान्तरण गरी सहयोग गर्न पनि उहांले आह्वान गर्नुभयो। मदन भण्डारी स्मृति प्रतिष्ठानका अध्यक्ष गुरुप्रसाद बरालले अभिलेखालयमा आदिकालदेखि हालसम्मका अभिलेख सुरक्षित रहेकाले सभ्यता र संस्कृतिको बिम्बका रूपमा स्थापित गरिनुपर्ने बताउनुभयो ।

अभिलेखालयको भवन रहेको जग्गा सर्वोच्च अदालतलाई दिन मन्त्रिपरिषद्ले विसं २०७१ मा गरेको निर्णय फिर्ता लिनुपर्ने उहांको माग थियो । पुरातत्व विभागका निमित्त महानिर्देशक दामोदर गौतमले अभिलेखालयलाई विभागस्तरमा स्तरोन्नति गरिएसंगै यसको सङ्गठन संरचना निर्माण गरिनुपर्ने बताउनुभयो । अभिलेखालयलाई अध्ययन अनुसन्धानको थलोका रूपमा स्थापित गर्न उपकरण एवं साधन स्रोतको व्यवस्था गरिनुपर्ने उहांको भनाइ थियो

अभिलेखालयकी प्रमुख सौभाग्य प्रधानाङ्गले ऐतिहासिक सामग्री सङ्ग्रह गर्न वातानुकूलित रूपमा निर्माण गरिएको भवन बिना तयारी सार्न पत्राचार भइरहंदा कार्यालय सञ्चालनमै प्रभाव परेको गुनासो गर्नुभयो । सो अवसरमा राष्ट्रकवि माधवप्रसाद घिमिरे र वाङ्मय शताब्दी पुरुष जोशीलाई अभिनन्दन गरिएको थियो ।

कार्यक्रममा अभिलेखालयले प्रकाशन गरेको 'परागतन्त्र' र 'प्रथम लगत' पुस्तकको विमोचन गरिएको थियो। पुस्तकमाथि क्रमश: माधवप्रसाद लामिछाने र भीमप्रसाद नेपालले समीक्षात्मक मन्तव्य राख्नुभएको थियो । अभिलेखालयलाई ऐतिहासिक सामग्री दिनुहुने त्रिलोकमान आङ्बो, सुशीलविक्रम थापा, साफल्य अमात्य र भगीरथ इङ्नामलाई सो अवसरमा सम्मान गरिएको थियो ।

### टाईमकार्ड लागु ...

सम्मको २ सय ४४ किलो मिटर मूख्य सडकमा ५ घण्ट समय निर्धारण भएको छ । भारदह देखी पथलैया सम्मको दुरीलाई दुई खण्डमा विभाजन गरी दुरी र समय निर्धारण गरिएको उपरिक्षक पालले जानकारी दिए । भारदह देखी धनुषाको लालगढ सम्म १ सय १५ किलो मिटर दुरीलाई दुई घण्टा ४५ मिनट समय निर्धारण गरिएको छ । त्यस्तै लालगढबाट पथलैया सम्मको एकसय १० किलो मिटरको दुरीलाई दुई घण्टा ४० मिनट समय ताकिएको ट्राफिक प्रहरी प्रमुख पालले जानकारी दिए ।

यस्तै ट्राफिक प्रहरीले सिरहाको बन्दिपुर,धनुषाको लालगढ र सर्लाहीको कर्मैयामा सवारी ईन्ट्री गर्ने व्यवस्था मिलाईएको उनले बताए । नियम उल्लङघन गर्ने सवारीलाई तोकिएको समय सम्म रोकेर छाडीने व्यवस्था गरिएको छ। लामो दुरीका सवारीलाई लालगढ रिफ्रेस सेन्टरको समेत व्यवस्था गरेको छ । लामो दुरीका सवारीलाई रिफेस सेन्टरमा रोकी कम्तीमा १०पछी गन्तब्यमा छाडिने गरेको उनले जानकारी दिए ।

यससंगै प्रदेश अन्तरगतका २२ स्थानमा यात्रु सहायतका कक्ष संचालनमा छन्। कसैले तोकेको भन्दा बढी भाडा तिर्नु नपरोस् । कोही नठगियोस। यात्रा सहज रुपमा होस्। भन्ने मनसायका साथ यात्रु सहायतका कक्ष संचालनमा ल्याईएको उपरिक्षक पालले जानकारी दिए । यसका साथै ट्राफिक जनचेजना अभिवृद्धिका कार्यक्रमहरु निरन्तर भैरहेका छन् । "सडक सभ्यता हाम्रो चाहना,सुरक्षित यात्राको सबैमा शुभकामना" भन्ने नारा सहित ट्राफिक प्रहरी यात्रुको शुरक्षार्थ खटिरहेको उनले बताए ।

### मीना सिर्जनशील ...

अध्यक्ष बलराम ढकाल, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष त्रिभुवन पौडेल, महासङ्घका शाखा सचिव रामप्रसाद तिमल्सिना, प्रतिभा छनोट समितिका संयोजक दुर्गा भण्डारी, सम्मानित व्यक्तित्व अधिकारी लगायतले बोल्नुभएको थियो ।

### प्रहरीद्वारा अबैध ....

मदिरा बरामद गरी नष्ट गरेको बारे जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक बिकाश राज खनालले जानकारी दिए ।

कोल्हवी नगरपालिकाका नगर-प्रमुख भरत बहादुर भण्डारी,समाजसेवि गोविन्द पौडेल, लगायत स्थानीय जनप्रतिनिधी भद्र(भलाआदमीको रोहबरमा उक्त घरेलु मदिरा नष्ट गरेको बारे जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरिक्षक खनालले बताए ।


वीरगंज - सिन्धुली
वीरगंजबाट खुल्ने समय : बिहान ८बजे
सिन्धुलीबाट खुल्ने समय : बिहान ७:२० बजे

शान्ति ट्राभल्स
वीरगंज - गौर
समय : बिहान ५:५५ बजे ।
गौर - वीरगंज
समय : बिहान ११-२५ बजे ।
रमेश : ९८४५१६२४९८

भाग्यलक्ष्मीको नौलो प्रस्तुति
काजल ट्राभल्स (२X२ फोल्डिङ्ग सिट)
वीरगंज - विराटनगर
दैनिक: ५, ७:२५, ८:४५
विराटनगर - वीरगंज
दैनिक: ५:२५, ९:५५, १०:४०
सम्पर्क: दिलीपजी:९८४५०५७९६१






# गढीमाई मेला ब्यवस्थित पार्न सबै पक्षको लागि चुनौती रहेको : पुर्व सासद आरजु राणा देउवा



नरेश गुप्ता , असोज १७ । नेपाली कांग्रेसको प्रतिभाशाली नेत्री एवम पुर्व सासद आरजु राणा देउवाले गढीमाई मेला ब्यवस्थित पार्न सबै पक्षको चुनौती रहेको बताउनु भएको छ। बाराको एतिहासिक धार्मिकस्थल गढीमाई मन्दिरमा बिहानै पुजापाठ गर्न आउनु भएकी देउवाले गढीमाई मन्दिर परिसरमा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रमलाई समबिधन गर्दै यस्तो बताईन । पंन्चबर्षिय गढीमाई मेला कुनै एक पक्षको नभैइ सम्पुर्ण नेपाली जनताको आस्थाको केन्द्र बिन्दुको रुपमा रहेको शक्ति पिठ गढीमाईको महिमा ठूलो रहेको बताईन । पंन्चबर्षिय गढीमाइ मेला मुल ब्यवस्थापनको कार्यलय उदघाटन पछि आयोजित सभामा प्रमुख अतिथी समेत रहनु भएकी आरजु देउवाले यश क्षेत्रको बिकासको लागि र खास गरि गढीमाइ मेलाको ब्यवस्थापनको लागि आफ्नो तर्फ बाट्ब्जे सहयोग हुन्छ आफू पुलको माध्यमले सहयोग गर्ने प्रतिबद्धता जाहेर गरिन । एक अर्को प्रसङ्गमा नेपाली कांग्रेसको नेत्री देउवाले महिलाहरु आफ्नो अधिकारको लागि अगाडि बढिसकेको अवस्थामा महिलाहरु पनि आयोजित सभामा स्थान ग्रहण गरेको देख्दा खुसी व्यक्त गरिन। सो कार्यक्रमलाइ सम्वोधन गर्दै नेपाली कांग्रेसको केन्द्रिय सद्स्य राधेचन्द्र यादवले पंन्चबर्षिय गढीमाइ मेला सबैको आस्थाको केन्द्र बिन्दु भएकोले यसमा राजनितीकरण नगर्न सबै पक्षलाइ आग्रह गर्नु भयो । गढीमाइ शक्ति पिठ रहेकी माताको महिमा अपरम्पार रहेकोले मेलालाइ ब्यवस्थित पार्न सबैलाइ आग्रह गर्नु भयो । महागढीमाइ नगरपालिकाको नगर प्रमुख उपेन्द्र प्रसाद यादवको अध्यक्षतामा समपन कार्यक्रममा नेपाली कांग्रेस बाराको जिल्ला सभापती जयचन्द चौरसिया , गढीमाइ मेला मुल ब्यवस्थापन समिती अध्यक्ष सुदामा साह कानु , वडा अध्यक्षहरु लगायतको सहभागिता रहेको थियो ।कार्यक्रममा स्वागत मन्तव्य नगर उप प्रमुख तारा देबि कानु र संचालन बिरेन्द्र यादवले गरेका थिए ।

# सिम्रौनगढका सशस्त्र प्रहरीले जनप्रतिनिधिकोरोहबरमा भारतिबारुद नस्ट



सिकिन्द्र साह

सिम्रौनगढ, १७ असोज । बाराको सिम्रौनगढ नगरपालिकामा रहेको बि ओ पि का सशस्त्र प्रहरीका सशस्त्र प्रहरी निरीक्षक कबिर मल्लको कमाण्डमा खटिएको टोलिले बसवरियाको झरोखर पोखरिबाट भारतबाट भारतिय बारुद पटाका भित्र्याउने अवस्थामा चेकजांच गर्ने क्रममा सो पाटाका पक्राउ गरेका थिए भने अनुमानित पन्ध्र हजार बराबरको बारुद रहेको सशस्त्र प्रहरीले बताएका थिए ।

सिम्रौनगढ उद्योग बाणिज्य संघको अध्यक्ष जयन्त कुशवाहा नगर प्रमुख बिजय शंकर यादव उप प्रमुख रिमा देवि वार्ड अध्यक्ष खुशीलाल महतो हेमचन्द जयसवार रामबहादुर राउत शंकर साह कानु स्थानिय भद्र भलादमिको रोहबरमा सो पडाकालाइ खाल्डो खनि पानिको माध्यमले नस्ट गरेका थिए।


**अपाङ्गता भइका व्यक्तिलाई अपशब्द प्रयोग गर्ने, हेला, घृणाको दृष्टिले हेर्ने वा होच्याउने कार्य गर्नु गराउन हुदैन ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग


# "मेला सञ्चालनमा बाधा भए भयावह परिस्थितिको जिम्मेवार नगरपालिका र सुरक्षा निकाय हुने"

कलैया १७ असोज । पञ्चवर्षिय गढिमाई मेला सञ्चालनमा बाधा व्यवधान खडा भए त्यसबाट उत्पन्न हुने भयावह परिस्थितिको जिम्मेवार महागढिमाई नगरपालिका तथा स्थानिय शुरक्षा निकाय हुने गढिमाई सञ्चालन तथा बिकाश समितिका अध्यक्ष रामचन्द्र साहले जनाएका छन् ।

साहले शुक्रवार एक प्रेस बिज्ञप्ति जारी गर्दै मेला सञ्चालनको पुर्ण जिम्मेवारी मंदिर सञ्चालन तथा बिकाश समितिको भएको भन्दै त्यसमा बाधा उत्पन्न गराउन महागढिमाई नगरपालिका तथा केहि ब्यक्तिले समानान्तर समिति बनाएको उल्लेख गरेका छन् ।

आउदो असोज महिना देखि शुरु हुने बिश्वप्रसिद्ध गढिमाईको मेला ब्यवस्थापनको कार्य आफुहरुले जोडतोडका सांथ गरिरहेको समेत साहले बिज्ञप्तिमा उल्लेख गरेका छन्।

बिज्ञप्तिमा उनले ' बिश्वप्रसिद्ध गढिमाई मंदिर र हरेक पांच वर्षमा लाग्ने पञ्चवर्षिय गढिमाईको मेला यस वर्ष मंसिर महिनादेखि शुरु हुंदैछ ।

मेलाको आवश्यक तयारी गढिमाई मंदिर सञ्चालन तथा बिकाश समितिले जोडतोडका सांथ गरिरहेको छ । मंदिर सञ्चालन समितिको निर्वाचन पनि गत महिना सम्पन्न भई नयां नेतृत्व आएको छ ।

परम्परागत रुपमा गढिमाई मेला सञ्चालनको पुर्ण जिम्मेवारी मंदिर सञ्चालन तथा बिकाश समितिले लिदै आएकोमा यस वर्षपनि मंदिर तथा मेलाका सम्पुर्ण व्यवस्थापनको तयारी जोडतोडका सांथ भईरहेको हो ।

हामि लोकतान्त्रिक देशका नागरिक हौं र लोकतन्त्रमा जनताको मतबाट चुनिआएका प्रतिनिधि नै जनताका सेवक हुन भनि सिद्धान्तका सांथ मेला सञ्चालन प्रकृयामा अघि बढिरहेका छौं ।

तर बिगत केही दिन देखि महागढिमाई नगरपालिका तथा केहि व्यक्तिहरुले परम्परा विपरित मेला सञ्चालनमा बाधा व्यवधान खडा गर्ने मनसायका सांथ विभिन्न खाले क्रियाकलाप जस्तै समानान्तर मेला समिति बनाउने, कार्यालय सञ्चालन गर्ने आदि गरिरहेको देखिएको छ ।

अत: मेला सञ्चालनको पुर्ण जिम्मेवारी मंदिर सञ्चालन तथा बिकाश समितिको भएको र त्यसमा बाधा उत्पन्न गराउने गरी क्रियाकलापहरु भए त्यस क्रियाकलापहरुबाट उत्पन्न हुने भयावह परिस्थितिको जिम्मेवार महागढिमाई नगरपालिका, स्थानिय सुरक्षा निकाय तथा सो संग सम्बिन्धित सरोकार राख्ने सरोकारवानाहरु हुने कुरा जानकारी गराउंद छौं ।' भनेका छन् ।

# "कसैको आदेशका भरमा अभिलेखालय स्थानान्तरण हुंदैन"

काठमाडौं, १७ असोज (रासस) : संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री योगेशकुमार भट्टराईले कसैको आदेशका भरमा राष्ट्रिय अभिलेखालय स्थानान्तरण नहुने बताउनुभएको छ । अभिलेखालयको ५२औं स्थापना दिवसका अवसरमा आज आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहांले उपयुक्त विकल्प तयार नभएसम्म ऐतिहासिक, पुरातात्विक सामग्री रहेको भवन नसर्ने स्पष्ट पार्नुभयो ।

"ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक दृष्टिले महत्वपूर्ण अभिलेख नेपाल भ्रमण वर्ष(२०२० मा देखाएर पर्यटकलाई आकर्षित गर्न सकिन्छ, पांचौं शताब्दीदेखिका अभिलेख पढ्न नेपाल आऊ भनी पर्यटकलाई निमन्त्रणा गरिनुपर्छ, अभिलेखालयलाई खुला विश्वविद्यालयका रूपमा विकास गरिनुपर्छ, अभिलेखालयमा ज्ञान लिन विश्वसमुदायलाई आह्वान गर्न सकिन्छ", उहांले भन्नुभयो ।

अभिलेखालयमा जनशक्ति, साधन एवं स्रोत पूर्ति गर्न लागिपर्ने मन्त्री भट्टराईको प्रतिबद्धता थियो । अभिलेख व्यवस्थित रूपमा राख्न सक्ने कर्मचारी व्यवस्थापन गरिने उहांले बताउनुभयो । पूर्वमन्त्री ऋद्धिबाबा प्रधानले ३५ हजारभन्दा धेरै हस्तलिखित ग्रन्थ रहेको दक्षिण एशियाकै उत्कृष्ट अभिलेखालयको भवन वैज्ञानिक रूपमा निर्माण गरिएकाले सार्न नहुने बताउनुभयो ।

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले सिल्भां लेभीले राष्ट्रिय अभिलेखालयमै अध्ययन गरेर नेपालको इतिहाससम्बन्धी दुई पुस्तक लेखेको स्मरण गर्नुहुंदै हजारौं सन्दर्भ सामग्रीको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो । "भौतिक समृद्धि मात्र नभई सांस्कृतिक सम्पत्तिमा पनि हाम्रो ध्यान जानुपर्छ, महर्षि याज्ञवल्क्य, गौतम बुद्ध जस्ता ऋषि महर्षिको योगदान जीवित राख्न पनि सांस्कृतिक सम्पत्ति जोगाउन ध्यान दिनुपर्छ", उहांले भन्नुभयो ।

मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले चालू आर्थिक वर्षमा ५५ हजार ग्रन्थलाई 'डिजिटलाइज्ड' गर्न बजेट व्यवस्था गरिएको बताउनुभयो । प्राचीन सामग्री अभिलेखालयलाई

(बाँकी तेश्रो पेजमा)

# ग्रामीण क्षेत्र को नाकाहरूमा सुरक्षा व्यवस्थामा कडाइ

कृष्ण मोहन साह

सेढवा १७ असोज । पर्साको ग्रामीण क्षेत्रका नाकाहरुमा सशस्त्र प्रहरी हरुले कडाइ गरेका छन। नेपाली हरुको महान पर्व दशै तिहार नजिकिएसङै भारत संग हुन सक्ने अबैध क्रियाकलाप चोरी तस्करी , पटका तथा बिस्पोटक पदार्थ भित्रीने सक्ने सम्भावना लाई मध्य नजर गरि ग्रामीण क्षेत्र को नाकाहरुमा सुरक्षा व्यवस्था मा कडाइ गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट भिखम पुरले आफ्नो क्षेत्रमा पर्ने भारत संग खुला सिमाना रहेका दशौता र लक्ष्मी पुरमा चेक पोस्ट स्थापना गरि चेकजांच र तस्करी नियन्त्रणमा कडाइ गरेको छ।चेकजांच मा कडाइ गरेपछी भारत बाट हुने कपडा तस्करी गिटि तस्करी र भारत बाट हुने अबैध क्रियाकलाप मा धेरैले कमि आएको सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट भिखम पुरका सशस्त्र प्रहरी निरीक्षक निरन्जन नियाजु ले जानकारी दिनुभयो ।यस्तै सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट सुवर्ण पुरले पनि चाडपर्व लाई मधय नजर गर्दै महादेव पटिको बलुवा र निर्मल बस्ती को बिजय बस्ती मा चेक पोस्ट राखी चेकजांच र तस्करी नियन्त्रणमा कडाइ गरिएको सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट सुवर्ण पुरका सशस्त्र प्रहरी निरीक्षक सागर मल्लले जानकारी दिनुभयो ।उहाले यश क्षेत्रमा पहिला देखि चल्दै आएको सवै खाले अबैध क्रियाकलाप हरु आफ्नो तर्फबाट निस्तेज पारिएको बताउनुभयो।

# सरकार दीर्घकालीन विकासको योजनामा छ : मन्त्री अर्याल

स्याङ्जा, १७ असोज : भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्मा अर्यालले सरकार दीर्घकालीन विकासका योजनामा रहेको बताउनुभएको छ । वालिङ नगरपालिका(१ मा रहेको देवीस्थान शेरा सामुदायिक भवनको उद्घाटन कार्यक्रममा उहांले दिगो विकासका लागि ठूलाठूला योजना अगाडि बढाएको उल्लेख गर्दै सानासाना कामसंगै ठूला काममा पनि सरकारले हात नहाले मुलुकको विकास नहुने बताउनुभयो ।

मन्त्री अर्यालले भन्नुभयो, "यहां विकासका ठूलाठूला योजनाका कुरा गर्दा खिसिटिउरे गरिन्छ, हावामा उडाइन्छ, योजना नबनाईकन सपना नदेखीकन कसरी काम हुन्छ ?" उहांले नेपालमा पाइपलाइनबाट इन्धन ल्याउने रेल र पानी जहाजका कुरा गर्दा हावामा उडाउने पाइपलाइनबाट इन्धन आउंदा ट्वाल्ल परेको बताउनुभयो । उहांले पांच वर्षका लागि निर्माण भएको यो सरकारले विकास निर्माणको जग बसालेर छाड्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य एवं विधायन समितिका सभापति मोहनप्रसाद रेग्मीले तीनै तहको सहभागिता बिना देशको विकास सम्भव नभएको उल्लेख गर्दै स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकारबीच समन्वय गरेर काम गर्नुपर्ने बताउनुभयो

सामुदायिक भवन निर्माणका लागि सरकारबाट रु १२ लाख ३० हजार, चन्दा सहयोगबाट रु १५ लाख ५३ हजार ३४२, देउसीभैलोबाट रु ११ लाख ९५ हजार ३७५ र जनश्रमदानबाट रु आठ लाख ९६ हजार गरी रु ४३ लाख ७६ हजार ७१७ को लागतमा भवन निर्माण गरिएको स्थानीयवासी लक्ष्मीपति पौडेलले जानकारी दिनुभयो


**बडा दशैंको हार्दिक शुभकामना**



२०७६ सालको महान पर्व विजया दशमी, दिपावली, छठ तथा मोहरम पर्वको शुभ-अवसरमा सम्पूर्ण कार्यालयका कर्मचारीहरू, कार्यालय प्रमुखहरू, समाजसेवीहरू, वुद्धिजिवीहरू, पत्रकार मित्रहरू तथा देश विदेशमा रहनु हुने समस्तमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

हेमचन्द्र प्रसाद जयसवार
वडा अध्यक्ष
सिम्रौनगढ नगरपालिका वडा नं. ११


कृपा दैनिकको लागि, प्रकाशक-सविता चालिसे उपाध्याय -९८५५०२१८८६, सम्पादक कमल कुमार उपाध्याय -९८५५०२१८८६, बिशेष संवाददाता एवं बजार ब्यपस्थापक- दुष्यन्त चौधरी -९८४३११३४३५, अनिल तिवारी -९८५५०२४४४८ गोकुल घोरसाईने ९८५५०२४४५५ बाराका संवाददाताहरु- सिकन्दर साह,पुष्पराज खतिवडा-, बिदुर खड्का, जियालाल चौधरी, नरेश गुप्ता, पर्साका संवाददाता- कृष्णमोहन साह, मकवानपुरका संवाददाता - कृष्ण उदास खनाल-९८४५०४०६५४, विशाल सत्याल , रौतहटका संवाददाता - राजन शर्मा , सर्लाहि संवाददाता - ओम प्रकाश , कार्यालय:-भरतचौक, कलैया, बारा ,E–mail : kreepadaily@gmail.com मुद्रक :-कृपा प्रकाशन समुह